**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १६ जनवरी २०२६**
समयः १८:५० – १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

1. प्रधान मन्त्री नरेन्द्र मोदीको फिट इन्डिया र खेलो इन्डिया अभियानअन्तर्गत दोस्रो अखिल भारतीय पुलिस ह्याण्डबल क्लस्टर २०२५–२६ प्रतियोगिता आजदेखि सिलगुडीमा सुरु भएको छ।

2. निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता नामावलीको एसआईआरको क्रममा सुनुवाइका लागि प्रख्यात व्यक्तित्वहरूलाई बोलाएको विवादलाई "आधारहीन" भनेको छ।

3. दार्जिलिंगका सासद राजू बिस्टले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा उत्तर बगालमा अभूतपूर्व गतिमा विकास भइरहेको बताउनु भएको छ।

4. आज विविध सांस्कृतिक तथा धार्मिक कार्यक्रमका साथ सोनाम ल्होछार पर्व मनाउँदै छ।

5. दोस्रो अखिल भारतीय पुलिस ह्याण्डबल क्लस्टर २०२५–२६ प्रतियोगितामा राजस्थान पुलिस, मणिपुर पुलिस र भारत तिब्बत सीमा पुलिसले ह्याण्डबल लिगमा जित हात पारेको छ।

**भारतीय पुलिस हैंडबॉल**

दोस्रो अखिल भारतीय पुलिस ह्याण्डबल क्लस्टर २०२५–२६ प्रतियोगिता आजदेखि एसएसबी फ्रन्टियर मुख्यालय, सिलगुडीमा सुरु भएको छ। प्रधान मन्त्री नरेन्द्र मोदीको फिट इन्डिया र खेलो इन्डिया अभियानअन्तर्गत केन्द्रीय सशस्त्र बल र राज्य पुलिस बलको यस राष्ट्रिय स्तरको खेल प्रतियोगिताको उद्घाटन समारोहमा मुख्य अतिथि भारतीय हकी टोलीका पूर्व कप्तान र सम्मानित अतिथि भरत छेत्री अर्जुन पुरस्कार बीजेता मन्टु घोष, पूर्व भारतीय टेबल टेनिस खेलाडी तथा एसएसबीका महानिरीक्षक वन्दन सक्सेना उपस्थित थिए।

ह्याण्डबल र बास्केटबल प्रतियोगितामा विभिन्न राज्य पुलिस तथा केन्द्रीय सशस्त्र बलका ३० वटा प्रतिष्ठानका लगभग ८० टोलीका १४०० भन्दा अधिक पुरुष तथा महिला सहभागी हुने महानिरीक्षक, सीमांत मुख्यालय, वन्दन सक्सेनाले जानकारी दिनुभयो।

बाइटहरू वन्दना सक्सेना...

खेलाडीहरूद्वारा मार्चपास्ट, एक रंगीन सांस्कृतिक कार्यक्रम र सुरक्षा बलको स्वान स्क्वाडद्वारा शानदार एक्रोबेटिक प्रदर्शनको साथ कार्यक्रमको उद्घाटन गरिएको थियो।यस्तै सरस्वती शिशु मन्दिर, नक्सालबाडीका युवा विद्यार्थीहरूले मनमोहक वन्दे मातरम् गीत र नृत्य प्रस्तुत गरेका थिए भने तिब्बती हिउँ सिंहका साथै राजवंशी, मैथिली, बंगाली लोक नृत्य विशेष आकर्षणको केंद्र थियो । सशस्त्र सीमा बलले भारत–नेपाल र भारत–भुटान सीमाको सुरक्षाका साथै सीमावर्ती गाउँहरूमा खेलकुदको विकासमा पनि महत्वपूर्ण योगदान पुरयाइरहेको छ।

**एसआईआर गड़बड़िय**

निर्वाचन आयोगले पश्चिम बंगालमा एसआइआरको क्रममा ठूलो संख्यामा विसंगतिहरूको बारेमा स्थिति स्पष्ट पारेको छ। मतदाताको पारिवारिक विवरणमा गम्भीर फरक देखिएको घटना राज्यमा ठूलो संख्यामा फेला परेको आयोगले जनाएको छ। निर्वाचन आयोगले 'विशेष गहन पुनरिक्षण (एसआईआर) को क्रममा पश्चिम बंगालमा लगभग ९४ लाख मुद्दाहरू "तार्किक विसंगतिहरू" को रूपमा पहिचान गरिएको छ। यी विसंगतिहरू वंशावली मेलमिलाप प्रक्रियाको क्रममा प्रकाशमा आए, जब मतदाता नामावलीमा अविश्वसनीय पारिवारिक सम्बन्धहरू रेकर्ड गरिएको पाइयो। एक अधिकारीका अनुसार केही ज्येष्ठ नागरिक मतदातालाई ८ देखि १० जनाको बुबा वा आमाको रूपमा देखाइएको छ तर अनुसन्धानले उनीहरूको दुई सन्तान मात्र रहेको र अन्यसँग रगतको कुनै सम्बन्ध नभएको पत्ता लागेको छ। अर्को घटनामा ६४ वर्षीय मतदातालाई ६० र ५९ वर्षका दुई पुरुषका पिताको रूपमा देखाइएको थियो। अधिकारीका अनुसार यसको अर्थ सम्बन्धित व्यक्ति पाँच वर्षको उमेरमा पिता बनेको हो, जुन असम्भव छ। पछि अनुसन्धानमा उनीहरु दुवै नक्कली भोटर भएको पाइएको थियो।

## भोटर लिस्ट

पश्चिम बंगालमा भइरहेको भोटर लिस्टको विशेष गहन पुनरीक्षण अवधि पुनः नाम जोड्नको लागि ठूलो संख्यामा आवेदन आएको छ। चुनाउ आयोगको आँकड़ा अनुसार अहिलेसम्ममा 9 लाख 128 मानिसहरूले मतदाता सूचीमा नयाँ नाम सामेल गराउनका लागि आवेदन गरेका छन् जसले यस प्रक्रियामा जनताको सक्रिय सहभागितालाई दर्शाउँछ। आयोग मुताविक गत 16 दिसम्बरमा ड्राफ्ट मतदाता सूची प्रकाशित हुनपूर्व 3 लाख 31 हजार 75 जना मानिसहरूले भोटर लिस्टमा नाम जोड्नका लागि आवेदन गरेका थिए। ड्राफ्ट सूची जारी भएपछि एक महिनाभित्रमा 5 लाख 59 हजार 53 नयाँ आवेदन जमा गरियो। यसरी मोठ आवेदनहरूको संख्या 9 लाख 128 पुगेको छ।
आवेदन प्रक्रिया समाप्त भए पनि आयोगले स्पष्ट पारेको छ, सुनवाई प्रक्रिया आगामी 7 फरवरीसम्म जारी रहनेछ। सुनवाईको लागि बोलाइएका मतदाताहरूले आफ्नो आवश्यक दस्तावेजलाई अनलाइन पनि जमा गर्न सक्नेछन्। यसबाट बाहिर बस्ने तथा कामकाजको सिलसिलामा अन्य स्थानहरूमा उपस्थित मतदाताहरूलाई सुविधा हुनेछ।

## एसआईआर

निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता नामावलीको एसआईआरको क्रममा सुनुवाइका लागि प्रख्यात व्यक्तित्वहरूलाई बोलाएको विवादलाई "आधारहीन" भनेको छ। निर्वाचन आयोगले कुनै पनि मतदातालाई दाबी र आपत्तिको सुनुवाइका लागि बोलाउनु प्रक्रिया भएको र यसमा कुनै पक्षपात नरहेको बताएको छ।

**हालै मात्रै नेताजी सुभाषचन्द्र बोसका पनाति चन्द्रकुमार बोसलाई सुनुवाइका लागि बोलाइएपछि राजनीतिक विवाद उत्पन्न भएको थियो। नेताजीको परिवारसँग सम्बन्धित व्यक्तिलाई नोटिस किन पठाइयो भन्ने प्रश्न उठेको थियो। यसमा पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीको कार्यालयले स्थिति स्पष्ट पार्दै चन्द्रकुमार बोसलाई पनि अन्य मतदाताजस्तै बोलाइएको बताएको छ। कार्यालयले जारी गरेको स्पष्टीकरणमा उनीहरूको गणना फारममा पारिवारिक सम्बन्ध जोड्ने स्तम्भ खाली राखिएको उल्लेख छ। त्यसैले उनलाई सुनुवाइका लागि बोलाइएको थियो।**

**मुख्य निर्वाचन अधिकारीको कार्यालयका अनुसार निर्वाचन आयोगले जारी गरेको सूचनाअनुसार फारममा विवरण नभेटिएका मतदातालाई सुनुवाइका लागि बोलाइएको छ। यसअघि अभिनेता तथा राजनीतिज्ञ बनेका तृणमूल कांग्रेसका लोकसभा सांसद दीपक अधिकारी, पूर्व राज्यसभा सदस्य तथा मोहन बागान फुटबल क्लबका पूर्व अध्यक्ष स्वपन साधन बोस, उनका छोरा तथा पूर्व राज्यसभा सदस्य सृंजय बोस र भारतीय क्रिकेट टिमका तीव्र गतिका बलर मोहम्मद शमीलाई पनि यस्तै सुनुवाइको नोटिस पठाइएको थियो।**
**मतदाता नामावलीमा दाबी तथा आपत्ति दर्ता गर्ने अन्तिम मिति सोमबार सकिँदैछ। तर, सुनुवाई भने ७ फेब्रुअरीसम्म जारी रहनेछ। त्यसपछि निर्वाचन आयोगको पूर्ण पीठले पश्चिम बंगालको भ्रमण गर्नेछ र त्यसपछि विधानसभा चुनावको मिति घोषणा हुने सम्भावना छ**

**राजू बिस्ट**

दार्जिलिंगका सासद राजू बिस्टले अलीपुरद्वार जिल्लाअन्तर्गत कालचिनीको तोर्सा चिया बगान खेल मैदानमा विशाल "परिवर्तन र्याली" लाई सम्बोधन गर्नुभयो। सम्बोधनको क्रममा बिस्तले दशकौंदेखि यस क्षेत्रले तृणमूल काङ्ग्रेस सरकारबाट भेदभावको सामना गर्दै आएको , तर प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा क्षेत्रमा अभूतपूर्व गतिमा विकास भइरहेको बताउनु भयो। यसको साथमा तृणमूल कांग्रेस क्षेत्रको विकास गर्न पूर्ण रूपमा असफल भएको र उनीहरूले चिया बगानका मजदुरहरूलाई दबाएको आरोप लगाउनु भयो । उहाले भन्नुभयो तृणमूल कांग्रेसले चिया बगान र सिन्कोना बगैँचामा काम गर्ने मजदुरहरूलाई पर्जा-पट्टाको अधिकार तथा २००६ मा संसदले पारित गरेको वन अधिकार ऐन लागू गर्न अस्वीकार गरेका छन्, जसले वनगाउँमा बस्ने हाम्रा परिवारहरूलाई वञ्चित गरेको छ। यसबाहेक टाढाको शहरमा जीविकोपार्जनका अवसरहरू खोज्न बाध्य युवाहरूका लागि आर्थिक अवसरहरूको चरम अभाव छ। यस्तै शिक्षक र सरकारी पदहरूमा नियुक्तिहरूमा धाँधली हुने गरेको छ, योग्य उम्मेदवारहरूलाई पाखा लगाइएको छ, जबकि भूमाफिया, बालुवा माफिया, मानव बेचबिखन, हातहतियार ओसारपसार, लागुऔषध तस्करी, अवैध कोइला उत्खनन, पीडीएस माफिया भर्ती माफिया र स्वास्थ्य माफियाहरू फस्टाउँछन्। त्यसैले जनताले भाजपालाई भोट दिनु र तृणमूल कांग्रेसलाई उखेलेर फाल्नु महत्वपूर्ण छ ।

**लागूऔषध**

दार्जीलिङ जिल्ला पुलिसले लागूऔषध विरुद्धको अभियानमा ठूलो सफलता हासिल गरेको छ। पुलिस कारबाहीमा पिता र छोरा सहित तीन जना लागूऔषध तस्कर पक्रा परेका छन्। पक्रा परेका संदिग्धहरूको तीनै जना खोरीबाड़ीका बासिन्दा हुन्। पुलिस सूत्रहरू अनुसार, खोरीबाड़ी थाना क्षेत्र अन्तर्गत पानीट्याङ्की थानाले हिजो राति खोरीबाड़ी स्थित कोलोनी मोरमा अभियान चलायो। अभियानको क्रममा पुलिसले एउटा मोटरसाइकल रोकेर खोजी गर्दा 305 ग्राम ब्राउन शुगर जफत भयो। पुलिसको भनाईमा यी आरोपीहरू लामो समयदेखि लागूऔषधको कारोबारमा संलग्न थिए। जफत गरिएको ब्राउन शुगरको अन्तरराष्ट्रिय बजारमा अनुमानित मूल्य लगभग ₹30 लाख रहेको बताएको छ।

**सोनाम ल्होछार**

आज विविध सांस्कृतिक तथा धार्मिक कार्यक्रमका साथ सोनाम ल्होछार पर्व मनाउँदै छ । हरेक वर्ष यसै दिन मनाइने ल्होछारले पुरानो वर्षलाई बिदाइ गर्दै नयाँ वर्षको स्वागत गर्ने परम्परालाई निरन्तरता दिएको छ। तामाङ भाषामा ‘ल्हो’ को अर्थ वर्ष र ‘सार’ को अर्थ नयाँ भन्ने हुन्छ। १२ वटा जीवजन्तुको नामबाट वर्षचक्र निर्धारण गरिने ल्हो खोर्लो अनुसार प्रत्येक वर्ष फरक जनावरको वर्ष आरम्भ हुने विश्वास रहिआएको छ। यस पर्वले नयाँ ऊर्जा, सुख, समृद्धि र सकारात्मक परिवर्तनको सन्देश दिने मान्यता छ। ल्होछारको अवसरमा भूमिपूजा, कूलपूजा, दानदक्षिणा, ज्येष्ठजनबाट आशीर्वाद ग्रहण, ढोगभेट, सामूहिक नाचगान तथा परम्परागत परिकारको तयारी र सेवन गरिन्छ। यस्तै समुदायका सदस्यहरू एकै स्थानमा भेला भई आपसी सद्भाव र एकताको भावना सुदृढ गर्ने यो पर्व सांस्कृतिक पहिचानको महत्वपूर्ण अवसरका रूपमा लिइन्छ।

यसैबीच दार्जिलिंग पहाड़ तराई दुवर्स लगायतका स्थानहरुमा ल्होछार पर्व भव्यताको साथमा पालन गरिएको खबर प्राप्त भएको छ ।

**बढाटार**

ईण्डियन गोर्खा कम्पनी इस्राएल फाउण्डेसनको सहयोगमा चुङथुङ मारेबुङ समष्टि अन्तर्गत लोवर चुङथुङमा रहेको बढाटार निवासी कुमार लिम्बु उर्फ खड्कबहादुर लिम्बुको नयाँ घर निर्माण गरेर आज हस्तान्तरण गरिएको छ। उक्त दम्पत्ति पति कुमार लिम्बु र पत्नी डोमा तामाङको अत्यन्तै जीर्णावस्थामा रहेको खबर सामाजिक संजालमा आएपछि उक्त जीर्णावस्थामा रहेको घरलाई नयाँ मरमत्तिको लागि पहल गरिएको थियो। यसको लागि एचटिभीका निर्देशक राजेन्द्र तामाङले पहल गर्दै उनकै संस्था ईण्डियन गोर्खा कम्पनी इस्राएल फाउण्डेसनको सहयोगमा निर्माण गरिएको छ। उक्त नयाँ घरको आज उदघाटन गरेर गृह प्रवेस गराइएको छ। यस अवसरमा कुमार लिम्बुको दम्पत्तिलाई पुरानो घरबाट नयाँ घरमा सारिएको छ भने अतिथिहरुका बाहुलीबाट खदार्पण गरेर बधाई पनि दिइएको छ। यस अवसरमा अतिथिको रुपमा प्रेस क्लब अफ् खरसाङको सभापति एवं वरिष्ठ पत्रकार

मुरारीलाल पञ्चम, पत्रकार किरण छेत्री, हनोक थापा,सुमन गुरुङ लगायत अन्यहरु उपस्थित रहेका थिए। उक्त दम्पत्तिलाई जाडोमा ओढ्ने ओछयाउने लुगाहरु विकरन फाउण्डेशनको तर्फबाट सहयोग गरिएको जानकारी प्राप्त भएको छ।

**शिलान्यास**

दार्जीलिङ पुलबजार खण्ड अधिनस्त तथा रेलिङ कैंजले समष्टि अन्तर्गत मझुवा ग्राम पञ्चायतको वार्ड नम्बर 5 स्याङदेनटार दंगे क्षेत्रमा पश्चिम बंगाल सरकारद्वारा प्रायोजित "हाम्रो गाउँ हाम्रो समाधान" योजना मार्फत् प्रत्येक बुथलाई प्राप्त हुने रकम 10 लाखद्वारा बखिम गाउँ मुल सडकदेखि लंगुरदाङ जाने, स्याङदेनटारदेखि दंगे जाने लगायत दंगे क्षेत्र को मुख्य 4 वटा सडकमा सोलिङ-एजिङ लगाइने कार्य थालनीको विधिवत् रूपमा शिलान्यास गरेको हो। मझुवा ग्राम पञ्चाय प्रधान रोगेन वाङ्दी लेप्चाको विषेश उपस्थितिमा ग्राम पञ्चायत उप-प्रधान सरिता सुब्बा साथै वार्ड नम्बर 5 का गाउँलेहरूको व्यापक उपस्थितिमा उक्त शिलान्यास कार्यक्रम सम्पन्न भयो। यस सडक निर्माणले यस क्षेत्रको विकासमा ठूलो टेवा पुग्नुका साथै आउँदो दिनहरूमा यस क्षेत्रका जनमानसलाई यातायातको सुविधा हुने बताइएको छ ।

**आधार कार्ड**

मिनरल स्प्रीङ संयुक्त बिकास संस्थाको विशेष पहलमा आज यांखु स्थित संस्था कार्यलयमा आधार कार्ड सम्बन्धित एक शिविर सम्पन्न भयो। उक्त शिविरमा विशेष गरी आधार कार्डमा मोबाइल नम्बर लिंक, आधार कार्ड अपडेटेशन अनि पाँच वर्ष मुनिका नानीहरूको आधार कार्ड बनाउनको  निम्ति फोटो खिच्ने कार्यको व्यवस्था गरिएको थियो। उक्त शिविरबाट स्थानीय मानिसहरूले लाभ उठाउन सफल भएको संस्थाको पक्षबाट प्रेमराज राई अनि बसन्त राईले जनाएका छन्। संस्थाको आग्रहमा लेबोङ डाक घरका कर्मचारी अनमोल राई अनि श्रद्धाय राईले शिविर सन्चालनमा सहयोग पुर्याएका थिए भने संस्थाको तर्फबाट उनीहरु प्रति आभार प्रकट गरिएको छ। शिविरमा धैरै संख्यामा ज्येष्ठ नागरिकहरू पनि उपस्थित भई आफ्नो आधार कार्डमा मोबाइल नम्बर लिंक अनि अपडेट गराए भने पाँच वर्ष मुनिका नानीहरूको निम्ति आधार कार्ड बनाउनको निम्ति फोटो खिच्ने कार्य पनि सम्पन्न भयो।

**मौसम**

मौसम विभागका अनुसार आगामी २४ घण्टामा कोलकातामा मौसम सामान्यतया सफा रहने छ । बिहानको समयमा हल्का कुहिरो वा कुहिरोको सम्भावना रहेको छ । सोमबार बिहान जारी स्थानीय पूर्वानुमानअनुसार अधिकतम तापक्रम २५ डिग्री सेल्सियसको हाराहारीमा रहने र न्यूनतम तापक्रम १४ डिग्रीको हाराहारीमा रहने छ । तर, अहिले दक्षिण बंगालका धैरै जिल्लामा बाक्लो कुहिरो लाग्ने चेतावनी जारी गरिएको छ । वीरभूम, मुर्शिदाबाद, नादिया र पश्चिम बर्धमान जिल्लामा सोमबार बाक्लो कुहिरोको चेतावनी जारी गरिएको छ। वीरभूम, मुर्शिदाबाद, नादिया, पूर्वी र पश्चिम बर्धमान, हुगली र उत्तर २४ परगना जिल्लामा बिहान बाक्लो कुहिरो लाग्ने सम्भावना छ। यता उत्तर बंगालका दार्जिलिङ, जलपाईगुडी, बिहार, उत्तर र दक्षिण दिनाजपुर र मालदा जिल्लामा बुधबारसम्म बाक्लो कुहिरोको चेतावनी जारी गरिएको छ। मौसम विभागले कम भिजिबिलिटी भएकाले सतर्कता अपनाउन सर्वसाधारणलाई सुझाव दिएको छ ।

**हैंडबॉल लीग**

दोस्रो अखिल भारतीय पुलिस ह्याण्डबल क्लस्टर २०२५–२६ प्रतियोगिताको पहिलो दिन राजस्थान पुलिस, मणिपुर पुलिस र भारत तिब्बत सीमा पुलिसले ह्याण्डबल लिगको पहिलो तीन खेलमा जित हात पारेको छ । यस्तै बास्केटबल लिगको पहिलो आठ खेलमा केंद्रीय औधोगिक पुलिस बल, जम्मू–कश्मीर पुलिस, सशस्त्र सीमा बल, हिमाञ्चल प्रदेश पुलिस, महाराष्ट्र पुलिस, तमिलनाडु पुलिस, उत्तराखण्ड पुलिस र पश्चिम बंगाल पुलिसले बाजी मारेका थिए । प्रतियोगितामा प्रि–क्वाटरफाइनल, क्वाटरफाइनल, सेमिफाइनल र फाइनल खेल हुनेछन् । प्रतियोगिता जनवरी २३ मा समापन हुनेछ । प्रतियोगिताको पहिलो चरणमा पुरुष बास्केटबलका ३६, महिला बास्केटबलका १० लिग, पुरुष ह्याण्डबलका ३६ लिग म्याच र महिला ह्याण्डबलका १५ लिग म्याच हुनेछन् ।यस प्रतियोगिताको मुख्य उद्देश्य प्रहरी बलहरूमा खेल संस्कृति, खेलकुद र टीम भावनाको प्रवर्द्धन गर्नु, आपसी सौहार्द र समन्वयलाई बलियो बनाउनु र स्वस्थ र फिट भारत निर्माणमा योगदान गर्नु हो।

****** ○ ******